# Global Money Week 2025 मनाउने सम्बन्धी सूचना

बालबालिका र युवाहरूमा वित्तीय साक्षरता अभिवृद्धि गर्दै वित्तीय ज्ञान, सीप, मनोवृत्ति र व्यवहारको विकास गर्ने उद्देश्यका साथ Organization of Economic Cooperation and Development (OECD) को संयोजनमा सन् २०१२ देखि हरेक वर्ष **"ग्लोबल मनी विक (Global Money Week-GMW)"** विश्वभर मनाउने गरिएको छ । यसै सन्दर्भमा आगामी मार्च १७ देखि २३ (२०८१ चैत ४ देखि १०) सम्म **'Think before you follow, wise money tomorrow'** भन्ने नाराका साथ Global Money Week को १३ औं शृङ्खला मनाउन लागिएको हो । यो विश्वव्यापी वित्तीय चेतनामूलक अभियान हालसम्म १७६ मुलुकका छ करोडभन्दा बढी बालबालिका र युवामाझ पुगिसकेको छ ।

नेपालमा यस वर्ष पनि नेपाल राष्ट्र बैंकले राष्ट्रिय संयोजक (National Coordinator) को भूमिका निर्वाह गर्दै Global Money Week मनाइदै छ । यो कार्यक्रममा वित्तीय प्रणालीमा आबद्ध संस्थाहरूको सक्रिय सहभागिता रहनेछ । यसको अतिरिक्त विभिन्न गैरसरकारी संस्था र अन्य सरोकारवाला संघसंस्थाहरू पनि यस अभियानमा आबद्ध हुनसक्ने भएकोले वित्तीय साक्षरता अभिवृद्धिमा क्रियाशील सम्पूर्ण संघसंस्था र निकायहरूलाई यस अभियानमा सहभागी भई Global Money Week 2025 भव्य रूपमा मनाउनका लागि आह्वान गर्दै आफ्ना कार्यक्रमहरूको जानकारी उपलब्ध गराउनुहुन अनुरोध गर्दछौं ।

विस्तृत जानकारीका लागिः

**नेपाल राष्ट्र बैंक**

गभर्नरको कार्यालय

वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखा,

बालुवाटार, काठमाडौं ।

टेलिफोनः ०१-५७१९६४४ EXT No. २४०४,२३७१

इमेलः flu@nrb.org.np